मिति २०८०/०२/१० गते बुधबार १३८औं कार्यपालिका बैठक

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका बैठकका निर्णयहरु समिक्षा सम्बन्धमा।
२. स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा।
३. घोराही उपमहानगरपालिकाको आर्थिक विकास रणनीति २०७९-२०९९ स्वीकृत सम्बन्धमा ।
४. IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा।
५. नदीजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा ।(राजन निर्माण सेवा)
६. १२ नं. वडा कार्यालय भवन निर्माणका लागि ठेक्का आव्हान गर्ने सम्बन्धमा।
७. कार्यविधि पारित सम्बन्धमा।
८. लागत सहभागिता रकम फिर्ता गर्ने सम्बन्धमा।वडा नं. ३, ६, ८,९ र ११)
९. जग्गा कित्ताकाटको लागि सिफारिस गर्ने सम्बन्धमा।
१०. मासुमा आत्म निर्भरताका लागि बाख्रा प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम संचालन सम्बन्धमा।
११. मुक्त कमलरीहरुलाई छात्रवृत्ति रकम उपलब्ध गराउने सम्बन्धमा।
१२. वडा नं. ७ वेलहरी टोलको जिर्ण कल्भर्ट मर्मत सम्बन्धमा।
१३. तटबन्धन निर्माणका लागि थप रकम उपलब्ध गराउने सम्बन्धमा ।
१४. अपुग रकम आगामी आ.व.मा भुक्तानी हुनेगरी योजना निर्माण गर्ने सम्बन्धमा।
१५. आर्थिक सहयोग सम्बन्धमा ।
    - योगी आदित्यनाथ फाउण्डेसन तुल्सीपुर १७ दाङ।
    - अस्मिता अधिकारी, महिला स्वयंम सेविका।
    - पतंजलि योग समिति लुम्बिनी प्रदेश दाङ।
    - सुमन चौधरी, वडा नं. ६ (काजक्रिया खर्च)।
    - सृजना चौधरी वडा नं. १७ (औषधी उपचार खर्च)
    - गिता वि.क., वडा नं. १९ (चटयाङ घाइतेको उपचार खर्च)
    - सेर बहादुर के.सी. वडा नं. ८ (काजक्रिया खर्च)
    - नेपाल उत्पीडित जातीय मुक्ति समाज लुम्बिनी प्रदेश कमिटी।
१६. ड्यामहरुमा जारजाली लगाउने सम्बन्धमा।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको आधारभूत तह (कक्षा १ देखि ८)को स्थानीय पाठ्यक्रम निर्माणका लागि विशेषज्ञ तथा सरोकारवालासँगको छलफलबाट तयार गरिएको सामाजिक विकास महाशाखाबाट पेश भएको आधारभूत तह (कक्षा १-८)सम्मको स्थानीय पाठ्यक्रम "हाम्रो घोराही" स्वीकृत गरी शैक्षिक सत्र २०८०देखि लागू गर्ने ।

**निर्णय नं. ३**

स्थानीय तथा प्रादेशिक आर्थिक विकास परियोजना (LPED GIZ)को प्राविधिक सहयोग एवं सहजीकरणमा तयार गरिएको घोराही उपमहानगरपालिकाको २० वर्षे स्थानीय आर्थिक विकास रणनीति २०७९-२०९९ स्वीकृत गर्ने । साथै आगामी वर्षे नगरसभाको अधिवेशनमा उक्त रणनीति पारितका लागि पेश गर्ने ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिका वडा नं. ११ हापुर विष्णु प्रसाद न्यौपाने र श्रीमती मन्जु न्यौपानेको नाममा दर्ता श्रेष्ता रहेको साविक नारायणपुर २घ कि.नं. ३५४ को ज.वि. ७५६८.४१ व.मि. को जग्गा माछा पालनका लागि माछा पोखरी निर्माण गर्ने प्रयोजनका लागि श्री अनिल घर्तिसँग सम्झौता भई उक्त पोखरी निर्माण गर्दा निस्किने ढुंगा गिट्टी बालुवा उत्खननबाट वातावरणमा पर्ने प्रभाव सम्बन्धमा पिनाकल इन्जिनियरिङ कन्सल्टेन्सी दाङले तयार गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन घोराही उपमहानगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ बमोजिम मिति २०८०।०१।२८ गते बसेको वातावरण समितिको बैठकमा छलफल भई पेश गरिएको आइ.ई.ई प्रतिवेदन स्वीकृत गर्ने ।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको मिति २०८०।०१।१० गते बसेको १३६औ कार्यपालिका बैठकको निर्णयबाट राजन निर्माण सेवा मानपुर-१ दाङलाई १३०५ घ.मी. नदीजन्य पदार्थ सेवारखोला क्षेत्र नं. २ वृद्धाश्रम क्षेत्र उत्तरतर्फ तेरौटे जाने बाटो, पूर्वमा सर्रा, दक्षिणमा घोराही तुल्सीपुर सडकखण्ड र पश्चिममा बाहुनडाँडा प्रेरित टोल सिमाक्षेत्र रहने स्थानबाट उपलब्ध गराएकोमा उक्त स्थानबाट स्थानीय विवादका कारण पुरै परिमाण उत्खनन हुन नसकी ६८० घ.मी. मात्र नदीजन्य पदार्थ उठाइएकोमा बाँकी परिमाण ६२५ घ.मी. वडा नं. १७ को कटुवाखोला क्षेत्र नं. ३ पचुर्खा क्षेत्रबाट नदीजन्य पदार्थ राजन निर्माण सेवालाई उपलब्ध गराउने।

**निर्णय नं. ६**

आगामी आ.व. २०८०/०८१को बजेटमा निरन्तरता हुने गरी घोराही उपमहानगरपालिकाको १२ नं. वडा कार्यालय भवन निर्माणको लागत अनुमान तयार गरी भवन निर्माणको ठेक्का आव्हान गर्न अनुमती दिने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाको सरसफाई व्यवस्थापन शाखाबाट पेश भएको **बायोग्याँस उत्पादन, वितरण तथा सञ्चालन कार्यविधि २०८०** पारित गर्ने।

**निर्णय नं. ८**

तपसिलमा उल्लेखित योजनाहरु विभिन्न कारण उपभोक्ता समितिबाट सम्पन्न नहुने अवस्था रहेको हुँदा उक्त योजना निर्माणका लागि उपभोक्ता समितिबाट यस घोराही उपमहानगरपालिकाको बजेट तथा राजश्व व्यवस्थापन शाखामा विभिन्न मितिमा बुझाइएको लागत सहभागिता वापतको रकम फिर्ता गरिदिनुहुन भनि सम्बन्धीत वडा कार्यालयको सिफारिससाथ पूर्वाधार विकास महाशाखाबाट पेश भएकोले उक्त रकम सम्बन्धीत उपभोक्ता समितिलाई फिर्ता हुनुपर्ने रकम बजेट तथा राजश्व व्यवास्थापन शाखाबाट एकिन गरी घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शीर्षकबाट फिर्ता दिने ।

| सि.नं. | योजनाको नाम | लागत सहभागिता वापतको बुझाएको रकम | रसिद नं. | लागत सहभागिता जम्मा गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. ३ स्थित झिङ्नी चोकदेखि नवनिर्मित वडा कार्यालयसम्म सडक पिच | ७५,०००।- | ११५५९ | २०७९।१२।१५ | |
| २ | वडा नं. ६ आस्था टोल बघी सोतामा भूक्षय नियन्त्रण | २५०००।- | १९३७४ | २०७९।१२।१९ | |
| ३ | वडा नं. ८ सौरी चोकदेखि बेलुवागाउँ जाने बाटो पिच | ५०,०००।- | २४४०१ | २०७९।११।२१ | |
| ४ | वडा नं. ८ सौरी चोकदेखि सौरीगाउँहुँदै बबईसम्म बाटो पिच | ५०,०००।- | २४४०२ | २०७९।११।२१ | |
| ५ | वडा नं. ९ स्थित मकुन्डाँडामा सिंचाईका लागि पाइप खरिद | २५,०००।- | ३८१२ | २०७९।०२।२६ | |
| | वडा नं. ११ प्रा.वि.पेरनीदेखि पश्चिम दामोदर सडकको सुकै खोलामा कल्भर्ट निर्माण | ५०,०००।- | ३४५५३ | २०७९।१२।०९ | |

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिका वडा नं. ४ बस्ने चक्रदेव सुवेदीको नाममा दर्ता श्रेष्ता भएको दाङ हरिद्वार गा.वि.स. वडा नं. ८क कि.नं. ८९९ को जग्गाबाट २२ व.मि. (११ मिटर लम्बाई २ मिटर चौडाई) जग्गा शिला जि.सी.को नाममा दर्ता स्रेस्ता रहेको कि.नं. २२०१मा निर्माण गरेको घरले च्यापेको विषयमा दुवै पक्षले च्यापिएको जग्गा विषयमा शिला जि.सी.ले लिने गरी घोराही उपमहानगरपालिकाको न्यायिक समितिमा मिति २०८०।०२।०६ गते मिलापत्र गरेको हुँदा उक्त च्यापिएको जग्गाको क्षेत्रफल बराबर जग्गा शिला जि.सी.लाई दिन कित्ताकाटका लागि भूमिसुधार तथा मालपोत कार्यालय दाङमा सिफारिस गर्ने।

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिकाको पशु सेवा तर्फ आ.व. २०७९/०८० को लागि संघीय सशर्त कार्यक्रम अन्तर्गत मासुमा आत्म निर्भरताका लागि बाख्रा प्रबर्द्धन तथा बजारीकरण कार्यक्रमको लागि प्राप्त रकम रु.६२,००,०००।– प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरीत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७९ अनुसार कार्यक्रम सञ्चालन गरी छनौट भएका किसानहरुलाई देहाय बमोजिम अनुदान रकम उपलब्ध गराउने ।

**देहायः**

रु.हजारमा

| क.स. | कार्यक्रम | इकाइ | परिमाण | वजेट/ प्रति ईकाइ | नगर | कृषक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाख्राको खोर निर्माण/सुधार | पटक | २० | १०० | २००० | २००० | ४००० | |
| २ | प्रजनन् योग्य बोका खरिद बितरण बितरण | पटक | २० | २५ | ५०० | ५०० | १००० | |
| ३ | खाने पानिको प्रबन्ध पानि ट्याङकी निर्माण/खरिद पाईप फिटीङ | पटक | २० | १५ | ३०० | ३०० | ६०० | |
| ४ | बहुबर्षे घाँसको बिउ/बेर्ना ज्वाईन्टभेच/सुपर नेपिएर/बदामे/सुम्बा सेटरिया/किम्बु कटीङ/ढुवानी बितरण | १०हे. | २० | २५ | ५०० | ५०० | १००० | |
| ५ | UMMB बितरण | १०००के.जि. | २० | १० | २०० | २०० | ४०० | |
| ६ | उपचार/खोप/परजी नियन्त्रण | ४००गोटा | २० | २० | ४०० | ४०० | ८०० | |
| ७ | सुडान/वाजरा घाँसको विउ वितरण ढुवानी खर्च समेत | ६००के.जि. | २० | १० | २०० | २०० | ४०० | |
| ८ | बाख्राको बिमा/ट्यागिङ/ अभिलेखिकरण | ४००संख्या | २० | १० | २०० | २०० | ४०० | |
| ९ | तौलने मेसिन/डिजिटल काँटा खरिद | १ गोटा | २० | १० | २०० | २०० | ४०० | |
| १० | डिपिङ ट्याङक निर्माण | २० गोटा | २० | ३० | ६०० | ६०० | १२०० | |
| ११ | बाख्राको लागि टाट्नो खरिद/निर्माण | २०गोटा | २० | १५ | ३०० | ३०० | ६०० | |
| १२ | मलमुत्र ब्यबस्थापन खाडल निर्माण | २०गोटा | २० | १५ | ३०० | ३०० | ६०० | |
| | **जम्मा** | | | **२८५** | **५७००** | **५७००** | **११४००** | |
| | कार्यबिधि अनुसार बिबिध खर्च | | | | | | | |
| १ | कार्यक्रम कृषक जनप्रतिनिधि संग अभिमुखिकरण | पटक | १ | १०० | ० | ० | १०० | |
| २ | कार्यक्रम संचालन अनुगमण | पटक | ३ | २०० | ० | ० | १५० | |
| ३ | बाख्रापालन ३ दिने तालिम | पटक | १ | ८३ | ० | ० | १५० | |
| ४ | होडिङ निर्माण र ढुवानी समेत | पटक | १ | ११७ | ० | ० | १०० | |
| | | | | **५००** | **५७००** | **५७००** | **११९००** | |

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिका वडा नं. १० श्री सिद्ध रत्ननाथ मा.वि. नारायणपुर र सिद्ध रत्ननाथ क्याम्पस नारायणपुरमा अध्ययनरत तपसिल बमोजिमका मुक्त कमलरी छात्राहरुलाई छात्रवृत्ति सहयोग स्वरुप रकम रु.२०,०००।– प्रति छात्रा घोराही उपमहानगरपालिकाको वडा नं. १०को वडास्तरीय बजेट तथा कार्यक्रमबाट १० नं. वडाका विपन्न, जेहेन्दार र मुक्त कम्लहरी परिवारका विद्यार्थीहरूलाई +2 वडा अध्यक्ष छात्रवृत्ती कार्यक्रम शीर्षकबाट उपलब्ध गराउने। र उक्त शीर्षकको बाँकि रकम +2 मा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई वडा समितिबाट निर्णय गरी छात्रवृत्ति उपलब्ध गराउने।

**तपसिलः**

१. सिमा चौधरी, स्नातक तेस्रो वर्ष

२. सिलु चौधरी, स्नातक तेस्रो वर्ष

३. सरिता चौधरी कक्षा १२

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिका वडा नं. ७ बेलहरी टोलको प्रेम बहादुर पाण्डेयको घरहुँदै तल्लो बेलहरी जोडने सडकमा पर्ने कल्भर्ट जिर्ण भई सवारी आवागमनमा समस्या भएकोले उक्त कल्भर्ट तत्काल निर्माणका लागि रु. ५०,०००।– (पचास हजार) घोराही उपमहानगरपालिकाको सार्वजनिक उपयोगिताको सेवा खर्च शीर्षकबाट खर्च हुने गरी उक्त कल्भर्ट निर्माण गर्ने।

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिका वडा नं. ४ अद्धैत मार्ग टोलमा बिन्तिराम चौधरीको घरनेर तटबन्धन निर्माणका लागि चालु आ.व. २०७९/०८०को वडास्तरीय योजना अन्तर्गत रु.५,००,०००।– विनियोजन भई तटबन्धन निर्माण गरिएकोमा उक्त तटबन्धनमा थप १३ मिटर वाल निर्माण नगरेमा वर्षातको समयमा अमारेसोतामा आएको बाढीले उक्त टोल बासीहरुका घर, जग्गा र हाल निर्माण गरिएको तटबन्धन समेत जोखिममा हुने अवस्था रहेकोले उक्त योजना सम्पन्न गर्न थप बजेट व्यवस्थापन गरिदिनुहुन भनि ४ नं. वडा कार्यालयको च.नं. २२०७, मिति २०७९।१२।२८ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उक्त योजना सम्पन्न गर्न रकम रु. २,००,०००।– घोराही उपमहानगरपालिकाको सार्वजनिक उपयोगिताको सेवा खर्च शीर्षकबाट थप रकम भुक्तानी हुने गरी तटबन्धनको कार्य सम्पन्न गर्ने ।

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिका नगरस्तरीय योजना अन्तर्गत वडा नं. १४ सुन्दरनगर टोल र शुभ बिहानी टोल जोडने सेवार खोलामा ट्रष्ट बृज निर्माणका लागि रकम रु. १०,००,०००।– विनियोजन भएकोमा उक्त योजना सम्पन्न गर्न २१,३९,५२२।०४ लागत अनुमान आएको त्यस अन्तर्गत Steel Parts /Fixtures and Transportation खरिदका लागि रकम रु. १२,००,७४०।– लागत अनुमान आएकोले उक्त पुल सम्पन्न गर्न आगामी आ.व.०८०/०८१ को बजेटमा निरन्तरता दिने गरी खरिद प्रक्रिया अगाडी बढाउन अनुमती दिने ।

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिकामा निम्न, व्यक्ति तथा संस्थाबाट आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने ।

| क्र.स. | संस्था, व्यक्ति तथा कार्यक्रमको नाम | सहयोग रकम रु | कैफियत |
|---|---|---|---|
| १. | योगी आदित्यनाथ फाउण्डेसन तुल्सीपुर १७ दाङ | २,००,०००।- | भुस, पराल खरिद तथा ढुवानीका लागि |
| २. | अस्मिता अधिकारी, महिला स्वास्थ्य स्वयम् सेविका | १०,०००।- | बुटवलमा भएको नेपाल ट्रेड यूनियन महासंघ(जिफन्ट) प्रदेश नं. ५ अन्तर्गत बुटवलमा हुने अधिवेशनमा १० जना सहभागीहरुलाई आतेजाते भाडा खर्च |
| ३ | पतंजलि योग समिति लुम्बिनी प्रदेश दाङ | ५०,०००।- | योग शिविर संचालनका लागि आर्थिक सहयोग |
| ४ | सुमन चौधरी<br>घोराही उपमहानगरपालिका वडा नं. ६ | १५,०००।- | मृतक भौनी चौधरीको काजक्रिया खर्चको लागि सहयोग |
| ५ | सृजना चौधरी<br>घोराही उपमहानगरपालिका वडा नं. १७ | १५,०००।- | औषधी उपचारका लागि सहयोग |
| ६ | गिता बि.क.<br>घोराही उपमहानगरपालिका वडा नं. १९ | १५,०००।- | चटयाङमा परि घाइतेको उपचारका लागि |
| ७ | सेर बहादुर के.सी.<br>घोराही उपमहानगरपालिका वडा नं. ८ बस्ने | २५,०००।- | प्रसुतीको क्रममा मृत्यू भएकी मधु के.सी.को काजक्रिया खर्चको लागि सहयोग |
| ८ | नेपाल उत्पीडित जातीय मुक्ति समाज लुम्बिनी प्रदेश कमिटी | २५,०००।- | प्रदेश कमिटीको प्रथम सम्मेलनका लागि |

**निर्णय नं. १६**

घोराही उपमहानगरपालिकामा निर्माण भएका कृत्रिम जलाशय क्षेत्र वरीपरी तारबारका लागि चालु आ.व.२०७९/०८०मा रकम रु.४०,००,०००।– विनियोजन भएकोमा उक्त विनियोजित रकमबाट तपसिल अनुसारका ड्यामहरु संरक्षणका लागि तारजाली लगाउने।

**तपसिलः**

| सि.नं. | योजना नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १६ को गडटे सिमसार ड्याममा तारजाली निर्माण | २,५०,०००।- | |
| २ | वडा नं. ५ शिव सरोवर ड्याममा तारजाली निर्माण | ३,८२,७००।- | |